# वार्षिक नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८०/०८१

## ताराखोला गाउँपालिका

## अर्गल, बागलुङ

## २०७३

**सम्मानित सभाका सभा अध्यक्ष ज्यू,**

**सभामा उपस्थित सदस्य ज्यूहरु, आमन्त्रित समाजसेवी, बुद्धिजीवी, अतिथि, कर्मचारीहरु, पत्रकार र अन्य महानुभावहरु ।**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम दोस्रो पटक पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु।यस सन्दर्भमा सर्वप्रथम म ऐतिहासिक महान जनयुद्ध, जनआन्दोलन तथा विभिन्न आन्दोलन लगायतका राष्ट्रिय संघर्षहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने महान शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु, साथै घाईते, बेपत्ता योद्धाहरुप्रति सम्मान गर्दै उहाँहरुको परिवारजनहरु प्रति गहिरो सहानुभुति प्रकट गर्दछु । नेपालको संविधान, दिगो विकास लक्ष, पन्ध्रौ योजना, स्थानीय सरकार संचालन ऐन, २०७४ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन र गाउँपालिकामा निर्माण भएका विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरुको अधिनमा रही स्थानीय सरकारका जनप्रतिनिधिहरुबाट प्राप्त सुझाव र सहयोग, राजनैतिक परिवर्तनको लागि नेतृत्व गर्ने नेता, कार्यकर्ता, राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजीविहरु, उत्पिडित वर्ग, जाति, क्षेत्र, लिङ्ग, समुदाय लगायत सबै सरोकारवालाहरुको सुझावहरु मार्गदर्शनको रुपमा लिएको छु । स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोत साधन, सीप, पूँजी, प्रविधि र श्रमशक्तिलाई गाउँपालिकाको विकास र समृद्धिको मुख्य आधार बनाएको छु ।

सुन्दर, समुन्नत र समावेशीगाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिकावासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहितस्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्धगाउँपालिकार सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, सहकारी, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

पूर्वाधार, सामाजिक, आर्थिक, सांस्कृतिक विकास निर्माणको कार्यमा गाउँपालिकाभित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने र प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो भने आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ। जनताको मौलिक अधिकारर प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शितार जवाफदेहीतालाइ जोड दिइनेछ ।

**सम्मानित सभाका सभाध्यक्ष एवं सदस्य ज्यूहरू,**

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको आधारमासहभागितामूलक प्रक्रियाबाट यस सभामा नीति तथा कार्यक्रम र योजनाको छलफल हुनुको साथै चालु आर्थिक वर्षको मूल्यांकन, आगामी बर्षको अनुमानित आय र खर्चको ढाँचा निर्माणले यस गाउँपालिकाको"श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पुर्वाधार- गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार"भन्ने लक्ष्य र"सुखि नागरिक, समृद्ध गाउँपालिका"दिर्घकालिन सोचलाई पुस्ट्याइ गर्न आधार तयार हुनेछ र यहाँको स्थानीय उत्पादनको भरपुर प्रयोग, प्राकृतिक स्रोत तथा सम्पदाको व्यवस्थित उपयोग, मानवीय जनशक्तिको समुचित परिचालन र विद्यमान अवस्थामा समय अनुकुल प्रविधिको विकासले यहाँका बासिन्दाहरूको भौतिक, आर्थिक,सामाजिक तथा सांस्कृतिक जीवनस्तरमा सुधार हुने विश्वास लिएको छु ।

**सम्मानित सभाका सभाध्यक्ष एवं सदस्य ज्यूहरु,**

चालु आ.व. को नीति तथा कार्यक्रम कार्यान्वयनबाट हालसम्म निम्न बमोजिम प्रगति हासिल गरेको कुरा राख्न चाहन्छु ।

- आर्थिक वर्षमा कुल रुआय रू ३६ करोड ६६ लाख ९२ हजारविनियोजन गरिएको थियो ।जसमापुँजीगत खर्च कुल रु १४ करोड ६३ लाख २९ हजार र चालु खर्च सशर्त अनुदान सहित रु २२ करोड ३ लाख ६३ हजाररहेको थियो भने हालसम्म जम्मा २७ करोड ८४ लाख ९१ हजार २ सय ३५ वित्तीय प्रगति भएको छ ।
- पूर्वाधार विकास तर्फ ठेक्कामार्फतसञ्चालनभएका१४वटाआयोजना रहेका छन भने मुख्यतया भातखाने डाँडा माझखर्क सडक-नालि सहितको स्तरोन्नति, हिलगाँउ होर खानेपानी आयोजना, सादि हिल पधेराखोला सडक ढलान तथा मर्मत, धप्ल्याङ्ग स्ल्याब कल्भट निर्माण, प्रशासनिक भवनमा ट्रस निर्माण, गाईघाट झरनामा पुल निर्माण, दोगाडि खेल मैदान निर्माणकार्य सम्पन्न भएको छ भने वडा नं.१को प्रशासनिक भवन र कृषि उपज केन्द्र भवन निर्माणको बहुवर्षिय रुपमा ठेक्का व्यवस्थापन गरिएको छ ।
- आर्थिक रुपान्तरण तथा विकासको क्रमभंगताको लागि बहुउद्देश्यीय सहकारी मार्फत पशुपालन तथा दुग्ध उत्पादन कार्यको सुरुवात गरिएको छ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ वटा चारकोठे, २वटा ३ कोठे वटा ७ गरी वटा विद्यालयमा स्मार्ट ५र विद्यालय भवनबोर्ड सहितको ICT ल्याब व्यवस्थापन भएको छ।
- शैक्षिक गुणस्तर अभिवृद्धिको लागि ताराखोला गाउँपालिका भित्रका सम्पुर्ण वि व्य स, प्र.अ, शिक्षक र बालबिकास केन्द्रका सहजकर्ताहरुलाई विज्ञ सहितको उपस्थितिमा शैक्षिक प्रशिक्षण कार्यक्रम संचालन भएको छ।
- ताराखोला गाउँपालिकामा बसोबास गरी सरकारी तलबभत्ता खाने जनप्रतिनिधि, कर्मचारी र शिक्षकका छोराछोरीहरु अनिवार्य रुपमा सरकारी विद्यालयमा भर्ना गर्ने अभियानको सुरुवात गरिएको छ ।
- असल शैक्षिक अभ्यास अनुकरणको लागि नमुना विद्यालय भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ,

- गाउँपालिकाभित्रको कक्षा १२ को परीक्षा केन्द्र अर्गलमा संचालन हुने नयाँ व्यवस्था मिलाईएको छ ।
- स्वास्थ्य सेवालाई डिजिटलाईज गर्नको लागि विद्युतिय स्वास्थ्य सूचना प्रणाली जडान गरी सञ्चालन गरिएको छ ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत ५२ वटा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको छ।
- भुस्कात र साँघुबोटमा सामुदायिक स्वास्थ्य ईकाइ निर्माण भई बर्थिङ सेन्टर सञ्चालन हुने अवस्थामा रहेको छ ।
- अमरभूमि स्वास्थ्य चौकी र ताराखोला स्वास्थ्य चौकीमा प्रसुति प्रतिक्षा कक्ष निर्माण सम्पन्न भएको छ ।
- हरेक स्वास्थ्य संस्थाको प्रयोगशालामा विलिङ प्रणालीलाई अनलाईनमा आवद्ध गरिएको छ ।
- पोषण विशेष कार्यक्रम अन्तर्गत पालिका भित्रका ७१ जना गर्भवती महिलाहरुलाई कुखुराका चल्ला वितरण गरिएको छ ।
- नेपाल सरकारले वितरण गर्ने निशुल्क औषधी हरेक स्वास्थ्य चौकीबाट व्यवस्थापन गरिएको छ ।
- अमरभुमि र ताराखोला स्वास्थ्य चौकीमा आमा घरको ब्यवस्थापन गरिएको छ ।
- फलफूल दशक विरुवा रोपण कार्यक्रम संचालनको लागि स्याउ, किवि, आल्मोण्ड, ओखर ६०००लगायतका फलफूल बिरुवा जना ४५० कृषकलाई वितरणकार्य सम्पन्न भएको छ।
- किसान सुचिकरण कार्यक्रम अन्तर्गत सबै किसानहरुको तथ्याङ्क सुचिकृत गरीकृषक परिचयपत्र वितरण गर्ने तयारी रहेको छ ।
- बाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम (पकेट)संचालन भएको छ ।
- ५ वटै वडामा डिस्पेन्सरी सहित पशुपन्छी औषधी उपचार तथा घरदैलो सेवा सञ्चालनबाट १९१२ जना कृषकले सेवा लिई हालसम्म २०६४० पशुपंक्षीको उपचार सम्पन्न भएको छ।
- कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत ५ जना पशु प्राविधिकलाई तालिम दिई कृत्रिम गर्भाधान कार्यक्रम संचालन भएको छ ।
- चट्याङबाट हुने मानवीय तथा पशुधन क्षतिलाई न्युनिकरणको लागि वडा नं. २ सिलेडाँडा र वडा नं. ५ औलादीमा लाईटेनिङ्ग एरिष्टोर जडान गरिएको छ ।
- श्रम रोजगार बैङ्क स्थापनाको लागि ५० जना श्रमिक सुचिकृत भई प्रकृया अगाडि बढेको छ ।
- गरिवी निवारणको लगि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत १०० जना नयाँ उद्यमि सिर्जना तथा स्तरोन्नतिको तर्फ ४० जना गरी १४० जनालाई १४ समुहमा तालिम तथा प्रविधि हस्तान्तरण कार्य सम्पन्न भएको छ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व.२०८०/८१ को लागि सूचिकृत बेरोजगार संख्या ९८३ रहेको छ, भने रु. ५४ लाख ९९ हजार बजेटको२४ वटा योजना सम्पन्न भएका छन ।
- वैदेशिक रोजगारको लागि श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृतिको कार्य गाउँपालिका बाट सुरुवात भएको छ ।
- गाउँपालिकामा इजलास कक्ष निर्माण गरिएको छ, भने ५ वटै वडामा मेलमिलाप केन्द्रहरु परिचालन गरी विवाद समाधान गर्ने असल अभ्यासको सुरुवात गरिएको छ ।
- जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी कार्यविधि,२०७९ गाउँ कार्यपालिकाबाट स्वीकृत भई जेष्ठ नागरिक परिचय पत्र वितरण कार्य अगाडि बढेको छ ।
- सहिद सप्ताह कार्यक्रम अन्तर्गत २७ जना सहिद परिवारलाइ प्रति महिना १ हजारका दरले जीवन निर्वाह भत्ता वितरण कार्य सुरुवात गरिएको छ ।
- भूमि आयोगको सहकार्यमा ताराखोला गाउँपालिकाको भू-उपयोग कार्यान्वयन कार्यविधि, २०८० र भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड, २०८० स्वीकृत भई गाउँपालिका भित्रको जग्गा वर्गीकरणको कार्य सम्पन्न गरी भू-उपयोग योजना तयार भएको छ ।
- हालसम्म पालिकामा ऐन २२ वटा, नियमावली ७ वटा र कार्यविधि ३२ वटा निर्माण गरी कार्यान्वयन गरिएको छ।
- स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन ७७.५ अंकप्राप्त भएको छ ।
- महालेखा परिक्षक कार्यालयको अन्तिम लेखापरिक्षणबाट ०.६७% बेरुजु कायम हुन आएको छ ।

**सम्मानित सभाका सभाध्यक्ष ज्यू,**

**अब म ताराखोला गाउँपालिकाको विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती प्रस्तुत गर्न चाहन्छु,**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः-

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई२२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा र योजना तर्जुमाको अभ्यासहुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

- रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- भौगोलिक जटिलताले हुने महंगो विकास खर्च जुटाउनु ।
- सीमित स्रोतको अधिकतम उपयोग गर्दै स्रोत व्यवस्थापन गर्नु ।

- युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ को मापदण्ड अबलम्बन गरीदोहन रोक्नु ।

**सम्मानित सभाका सभाध्यक्ष एवं सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु,
आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा तपसिल वमोजिमको आधार लिईएको छः-

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघ, प्रदेश र गाउँपालिकाको आवधिक विकास योजना, दिगो विकासका लक्ष्यहरु, विकासका अन्तर सम्बन्धित विषयहरू,
- गाउँपालिकामा निर्माण भएका विभिन्न ऐन, नियमावली तथा कार्यविधिहरु,
- गाउँपालिकाको मध्यकालीन खर्च संरचना, गाउँपालिकामा उपलब्ध स्रोत र साधनहरु,
- अन्तर स्थानीय तह सहकार्य सम्बन्धकालागि साझा सरोकारका विषयहरू,
- नेपाल सरकारको १५ औ योजना र दिगो विकास लक्ष्य २०३० को मार्गचित्र।

**सम्मानित सभाका सभाध्यक्ष एवं सदस्य ज्यूहरु,**

अब म आगामी वर्षको सोच, लक्ष्य र उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु,

**सोचः- "सुखि नागरिक, समृद्ध गाउँपालिका"**

**लक्ष्यः-"श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पूर्वाधार-गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार"**

उद्देश्यहरुः-

१. आर्थिक विकास तथा सर्वसाधारणहरुको जीवनयापनलाई सहज बनाउनको लागि मुख्य सडक कालोपत्रे सुरुवात सँगैमोटरेबल पुल निर्माण तथा सहायक सडक स्तरोन्नति गर्दै गाउँपालिकाका गौरवका आयोजनाहरुमा बजेटलाई प्राथमिकिकरण गर्ने।
२. मानवीय विकासलाई मध्यनजर गर्दै "अध्यक्ष सँग श्रमिक कार्यक्रम" मार्फत किसान, मजदुर, श्रमजिवि वर्गहरुलाई गाउँपालिकामा विकासको मुख्य केन्द्रमा राख्ने ।
३. शैक्षिक क्षेत्रमा बृहत गुरुयोजना सहित आमुल परिवर्तनको प्रत्याभुतिमा जोड दिदै स्वास्थ्यमा लगानी वृद्धि गरी प्रभावकारी व्यवस्थापन तथा नियमनबाट गुणस्तरीयता अभिवृद्धि गर्ने ।
४. गाउँपालिकाभित्र अति आवश्यक पर्ने वस्तु वाहेक विलासिताको वस्तुहरुमा आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्दै अनुगमनलाई थप व्यवस्थित गर्ने ।

५. आन्तरिक उत्पादन र रोजगारि अभिवृद्धिको लागि जल, जमिन, जंगल, उद्योग, स्थानीय उत्पादन (आलु, भाँगो, किवि लगायत), पर्यटनक्षेत्र तथा जैविक विविधता लगायतका प्राकृतिक स्रोतहरुको संरक्षण गर्दै उच्च उपयोग गर्ने।

६. समाजवाद उन्मुख कृषि तथा पशुपालन क्षेत्रमा सामुहिक उत्पादन प्रणालीको विकास गर्ने ।

७. सामाजिक न्याय र समावेशीको लागि जातिय, क्षेत्रिय, लैङ्गिक, भाषिक, सास्कृतिक लगायत सबैखाले विभेदको न्युनिकरण सहित विशेष कार्यक्रमहरु संचालन गर्ने ।

८. राष्ट्रिय भवन संहिता तथा मापदण्डलाई मध्यनजर गर्दै सेवा प्रवाहमा सहजताको लागि भवन निर्माण र खेलकुद विकासको लागि एउटा गौरबको आयोजना संचालन गर्ने ।

९. स्वच्छ पिउने पानी र सरसफाईको सुनिश्चितता गर्ने ।

१०.शहिद, वेपत्ता, घाईते, अपाङ्गलाई विशेष कार्यक्रम मार्फत सम्बोधन गर्ने ।

११.जनसुरक्षाको लागि विपद् जोखिम न्युनीकरणको लागि विशेष जोड दिने ।

१२.विज्ञान तथा सूचना प्रविधिको भरपुर उपयोग गर्ने वातावरण तय गर्ने ।

१३.कार्यपालिका र प्रशासन संयन्त्रको जनमुखि, जवाफदेहिता, बनाई ढिलासुस्ति, अनियमितता, लाई पुनसंरचना एंव आचारसंहिता निर्माण गर्ने।

१४.स्थानीय सरकार सहित सहकारी र निजी क्षेत्रको लगानी गर्ने वातावरण तयार गरि पुँजि विकासलाई प्रोत्साहन गर्ने ।

**१५**.राष्ट्रसेवक कर्मचारी, व्यवसायी, नीजि क्षेत्र, सहकारीतथा सम्बन्धित सरोकारवालाहरुलाई कार्यसम्पादनको आधारमा पुरस्कारको व्यवस्था गर्ने ।

१६.संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्ने ।

**सम्मानित सभाका सभाध्यक्ष एवं सदस्य ज्यूहरु,**

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## सामाजिक विकास

**१. शिक्षा**

- **"बृहत शैक्षिक सुधार कार्यक्रम"** मार्फत विद्यालयमा शैक्षिक गुणस्तरकाकार्यक्रम संचालन गरिनेछ ।
- कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपद्को समयमा सिकाई निरन्तरताका लागि कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापनको कार्य गरिनेछ ।
- शैक्षिक क्षेत्रमा देखिएका समस्याहरूको समाधान गर्न र गुणस्तरीय शिक्षण सिकाईलाई प्रवर्द्धन गर्न सुपरिवेक्षण, निरीक्षण, अनुगमन र मुल्याङ्कन प्रणालीलाई व्यवस्थित गरिने छ ।

२. स्वास्थ्य

- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत ५ शैय्याको आधारभूत अस्पताल निर्माण कार्यलाई तीव्र रुपमा अगाडि बढाईनेछ।
- निःशुल्क स्वास्थ्य सेवा, औषधी वितरण र एम्बुलेन्स सेवालाई प्रभावकारी र पारदर्शी बनाइने छ ।
- स्वास्थ्य सेवा मापदण्ड अनुसार बर्थिङ सेन्टरहरुका लागि अपुग पूर्वाधारहरुको निर्माण र उपकरण जडान गरी सेवालाई गुणस्तरीय बनाउदै सेवामा खटिने स्वास्थ्यकर्मीलाई प्रोत्साहन गरिने छ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको जीवन बीमा कार्यक्रम संचालन गरिनुको साथै मासिक समिक्षा बैठक गर्ने व्यवस्था गरिने छ।
- कुनैपनि रोग, महामारी नियन्त्रण तथा व्यवस्थापनमा पुर्व तयारी तथा प्रतिकार्य एकीकृत उपाय अबलम्बन गरिनेछ ।

३. युवा तथा खेलकुद

- खेलकुदको विकास गर्नस्टेडियम सहित बहुउद्देश्यीय कभर्ड हल लगायत खेलकुद मैदान निर्माण तथा मर्मत सम्भार गरिनेछ।
- युवा श्रम शक्तिलाई विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन पालिकमा श्रम" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।
- युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिकामा पहिचानको रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य गरिनेछ।

४. संस्कृति

- गाउँपालिकालाई बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने स्थानीय स्रोतलाई प्राथमिकता दिईनिर्माण गरिनेछ।

५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।**हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति अबलम्बन गरिनेछ ।
- महिला, दलित,बालबालिका, अल्पसंख्यक, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
- **"राम्रो टोल हाम्रो समाजको मोल"** अभियान संचालन गरीविकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराई सघन परिचालन गरिनेछ।
- बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने कार्यको सुरुवात गरिनेछ।

६. खानेपानी तथा सरसफाई

- सुरक्षित पिउनेपानी व्यवस्थापनको लागि एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

७. मानव अधिकार र सामाजिक न्याय

- ऐतिहासिक जनयुद्ध, जनआन्दोलनका शहिद तथा बेपत्ता परिवार, घाईते अपाङ्ग योद्धा र असहायहरुको लागि निश्चित मापदण्डको आधारमा मासिक रुपमा जीवन निर्वाह भत्ताको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- सामाजिक न्याय कायम हुने गरी मानव अधिकारको उपयोग, सम्मान, संरक्षण र प्रवर्द्धन गरिने छ।

## पूर्वाधार विकास

१. सडक तथा पुल

- गाउँपालिकाको मुख्य सडक रुपमा रहेको शहिद मार्ग कालोपत्रेको लागि संघीय सरकारसँग समन्वय गरी आगामी आ.व. बाट निर्माण कार्य अगाडि बढाईने छ ।
- प्रदेश सरकारको रणनीतिक सडकको रुपमा रहेको हटिय-हरिचौर-घुस्मेली-तारा सडकखण्ड ÷ख'कालोपत्रे गर्न प्रदेश सरकारसंग समन्वय गरि निर्माण कार्य अगाडि बढाईने छ ।
- दलामचौर मोटरेबल पुल निर्माण कार्य सुरु गरिनेछ ।
- गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठूला आयोजनाहरु पहिचान गरी गाउँपालिकामा गौरवका आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
- विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

२. भवन तथा सहरी विकास

- वडा कार्यालय, सामुदायिक भवन रनमुना विद्यालयका भवनहरु क्रमागत रुपमा निर्माण गरिनेछ।
- पालिका भित्र रहेका सुकुम्बासी परिवारहरूको पहिचान गरी सुकुम्बासी समस्या समाधान गर्न लालपुर्जाको व्यवस्था तथा अव्यवस्थित बसोबास लाई व्यवस्थित गर्ने कार्यको सुरवात गरिनेछ।

३. उर्जा

- स्थानीयस्तरमा जलबिद्युत उत्पादन गर्न गाउँपालिकाको स्वामित्व सहित निजी क्षेत्र, सहकारीर समुदायलाई प्रोत्साहन गरिने छ, जसमा आम नागरिकहरूलाई सेयर लगानी गर्ने वातावरण तयार गरिने छ।

- बैकल्पिक उर्जाको क्षेत्र विस्तार गर्नुको साथै विद्युत खपत बढाईने छ ।

**४. सिंचाई**

- सिँचाईको व्यवस्था नभएका खेतीयोग्य जमिनहरुको वर्गिकरण गरी मागको आधारमासिँचाई कार्यक्रमहरु संचालन गरिनेछ ।

## आर्थिक विकास

**१. कृषि तथा पशुपालन**

- उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिकाभित्र समर्थनमुल्य निर्धारण गर्दै कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण तथा **"कृषि कबल पसल संचालन"**गरिनेछ।
- फलफूल दशक विरुवा रोपण कार्यक्रमअन्तर्गतताराखोलाको माटोमा सुहाउँदो खालका फलफूल विरुवा रोपण कार्यक्रम संचालन गरिने छ।
- किसान सूचीकरण, कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम संचालन गरिनेछ ।
- पशुपन्छी उपचारमा थप जोड दिदै सबै वडामा औषधि सहितको सेवा प्रवाहमा थप गुणस्तरीयता कायम गरिनेछ ।

**२. सहकारी तथा वित्तीय क्षेत्र**

- सहकारीको क्षमता अभिवृद्धिको लागि तालिम संचालन गरीसहकारी अनुगमनलाई प्रभावकारी बनाइनुका साथै अव्यवस्थित सहकारीहरुलाई मर्ज तथा बन्द गरी व्यवस्थीत गरिने छ ।

**३. उद्योग तथा वाणिज्य**

- आधारभुत, तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व बृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरिनेछ भने आयात र निर्यात प्रणालीलाई एकद्वार प्रणालीमा लैजाने रणनीति अपनाईने छ।
- गाउँपालिकाको औद्योगिक ग्रामको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

**४. पर्यटन**

- गाउँपालिकाकामा पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्नको लागि जडिबुटि, फलफूल, भाँगो, प्राकृतिक तथा सांस्कृतिक सम्पदा जस्ता क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गरिनेछ ।
- गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा खाना उपलब्ध गराइनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१. वन तथा वातावरण

- पानीको मुहानको आसपास जमिनमा रुख काट्ने वा अन्य गतिविधि गर्न नपाइने नीति अवलम्बन गरिने छ।
- सामुदायिक वनको संरक्षण गरिनेछ ।

२. जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन

- विपद् जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना अनुसार विपद् पुर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ।
- ढुंगा, गिट्टि र बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

## सुशासन तथा संस्थागत क्षमता विकास

१. प्रशासनिक व्यवस्थापन तथा सुशासन

- सार्वजनिक सुनुवाई तथा जनतासँग जनप्रतिनिधि कार्यक्रमलाई निरन्तरता दिई जनप्रतिनिधि तथा कर्मचारीलाई जनता तथा सेवाग्राहीप्रति जवाफदेही र उत्तरदायी बनाइने छ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- गाउँपालिकामा हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
- गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धतिलाईनिरन्तरता दिइनेछ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

- गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली (CGR App) तयार गरी लागु गरिनेछ।

२. **आर्थिक प्रशासन एंव व्यवस्थापन**

- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीकोबक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।
- गाउँपालिकाबाट प्रवाहहुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।

३. **राजस्व तथा आन्तरिक श्रोत परिचालन**

- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी रणनीति तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
- करको दर न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।प्रगतिशिल कर प्रणाली अवलम्बन गरि नागरीकहरु बीच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।
- गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
- करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
- करदाताको कर लगतलाइ व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्ने प्रणाली लागु गरिनेछ ।

४. **सूचना तथा संचार**

- स्थानीय सञ्चारगृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति अबलम्बन गरिने छ।
- स्थानीय टिभि च्यानलसँगको सहकार्यमा सञ्चालित "हाम्रो ताराखोला गाउँपालिका" टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
- नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

यस गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका योजनाहरु कार्यान्वयन भई स्थानीय अर्थतन्त्रमा वृद्धि हुनुको साथै आत्मनिर्भर, समृद्ध, सुखि र सुशासनयुक्त गाउँपालिका निर्माण हुने विश्वास लिएको छु।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने उपाध्यक्ष भिम बहादुर रोका, निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रकाश गैरे, सम्पूर्ण वडाका वडाअध्यक्षहरु, कार्यपालिका तथा वडा सदस्यहरु,

सम्पूर्ण कर्मचारी साथीहरु, निवर्तमान जनप्रतिनिधिहरु, राजनैतिक दलका पदाधिकारीहरू, शिक्षक, पत्रकार, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, देश-विदेशमा रहनुभएका दाजुभाई तथा दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु।

मितिः- २०८०/०३/०८ गते, शुक्रबार, रोज ६ शुभम !

**धन्यवाद !!!**

धन बहादुर वि.क.

अध्यक्ष